कृषि यान्त्रिकरणका लागि साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन कार्यविधि, २०७५

प्रस्तावनाः सुदूरपश्चिम प्रदेश भित्र रहेका स्थानीय तहहरु संग समन्वय र सहकार्य बढाउँदै समग्र कृषि क्षेत्रको विकासमा योगदान पुर्याउने बृहद लक्ष्य अनुरुप कृषि यान्त्रिकरणमा सहयोग पुर्याउन स्थानीय तहहरु संगको साझेदारीमा उपभोक्ताहरुलाई कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालनको लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शि र प्रभावकारी तुल्याउन बान्छनीय भएकोले, प्रशासकिय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरणका लागि साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "आपूर्तिकर्ता" भन्नाले **अनुसूची- ६** मा उल्लेख गरिएका कृषि औजार यन्त्र उपकरणहरु उपलब्ध गराउने कम्पनी, उत्पादक, बितरक, एजेन्ट र डिलरलाई सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले अनुदानमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन गर्न ईच्छुक, कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित सरकारी निकायमा दर्ता भएका कृषक समुह, कृषि वा बहुउद्देशिय सहकारी वा संस्था, नीजि कृषि फर्म र कम्पनीलाई सम्झनु पर्छ ।

यस शब्दले कृषकहरु मिलेर बनेको सिंचाई वा जल उपभोक्ता समिति तथा बन उपभोक्ता समिति समेतलाई बुझाउंछ ।

(ग) "कस्टम हाईरिंग सेन्टर" भन्नाले कृषि यान्त्रिकरण प्रबर्द्धनका लागि कृषकहरुलाई उत्पादन देखि भण्डारण अघिसम्म आवश्यक पर्ने सबै प्रकारका कृषि औजार, यन्त्र, उपकरण तथा मेशिनरीहरु सहुलियत भाडादरमा उपलब्ध गराउन उपभोक्ता द्वारा स्थापना तथा सञ्चालन गरिएको सुविधायुक्त केन्द्र वा स्थान सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधि अनुसार स्थानीय तहसंगको साझेदारीमा सञ्चालन गरिने कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन सम्बन्धि कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "कृषि औजार यन्त्र, उपकरण" भन्नाले **अनुसूची-६** मा उल्लेख गरिए बमोजिमका औजार, यन्त्र, उपकरण एवं मेशिनरीहरुलाई सम्झनु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "साझेदार स्थानीय तह" भन्नाले यस कार्यविधि बमोजिम साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन गर्न वा गराउन इच्छुक भई मन्त्रालय संग सम्झौता गर्ने सुदूरपश्चिम प्रदेश भित्र रहेका गाउँ पालिका, नगर पालिका र उप-महानगर पालिकाहरुलाई सम्झनु पर्छ ।

(झ) "ज्ञान केन्द्र" भन्नाले निर्देशनालय मातहतका कृषि ज्ञान केन्द्रहरुलाई सम्झनु पर्छ । यस शब्दले कृषि ज्ञान केन्द्रहरुको सम्पर्क कार्यालयहरुलाई समेत जनाउंछ ।

३. **कार्यक्रम संचालनको उद्देश्यः** यस कार्यविधि अनुसार कार्यक्रम संचालनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन -

सचिव
रविन्द्र बहादुर प्रधान

(क) बिभिन्न कृषि बाली वा वस्तुहरुको उत्पादन दर्खि भण्डारण, अधिसम्म कृषकहरुलाई आवश्यक पर्ने सबै प्रकारका कृषि औजार यन्त्र उपकरण तथा मेशिनरीहरु सहुलियत भाडादरमा उपलब्ध गराउने,

(ख) बिभिन्न कृषि बाली वा वस्तुहरुको उत्पादकत्व बृद्धि गर्न तथा उत्पादन लागत घटाउन सहयोग पुर्याउने,

(ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारको अवसर सिर्जना गर्ने,

(घ) कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एवं प्रतिस्पर्धि बनाई खाद्य र पोषण सुरक्षा तथा गरिवी न्यूनीकरणमा योगदान पुर्याउने।

परिच्छेद-२

कार्यक्रम संचालन

४. **कार्यक्रमको प्राथमिकता क्षेत्रः** कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु देहाय बमोजमका हुनेछन-

(क) कार्यविधि बमोजिमको कार्यक्रम सुदूरपश्चिम प्रदेश भरि नै विगतको कृषि यान्त्रिकरणको प्रभावकारिता हेरी कृषि औजार यन्त्र उपकरणहरु कम उपयोग गरिएको तथा कृषि औजार यन्त्र उपकरणमा कम अनुदान प्रवाह भएको जिल्ला एवं स्थानीय तहका उपभोक्ताहरुलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ ।

(ख) विभिन्न कृषि आयोजना एवं परियोजनाहरुले कृषि औजार यन्त्र उपकरणमा वा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालनमा अनुदान उपलब्ध नगराई रहेको जिल्ला एवं स्थानीय तहहरुलाई प्राथमिकता दिईनेछ ।

(ग) व्यवसायिक तथा व्यवसाय उन्मुख कृषि बालीका पकेट क्षेत्रहरुलाई कार्यक्रमको प्राथमिकता रहनेछ ।

५. **साझेदार स्थानीय तहको छनौटः** (१) मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्ने वा गराउने स्थानीय तहहरुको नाम तोकिएको रहेछ भने मन्त्रालयले ती स्थानीय तहहरुसंग छलफल गरी कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्ने वा गराउने स्थानीय तहहरुको नाम नतोकिएको हकमा वा स्विकृत कार्यक्रम अनुसार आवश्यक संख्यामा स्थानीय तहहरु संग सम्झौता हुन नसकेमा साझेदार स्थानीय तहहरु छनौट गर्न प्रदेश भित्रका सबै इच्छुक स्थानीय तहहरुलाई प्रस्ताव पेश गर्न ३० दिनको म्याद दिई मन्त्रालयले राष्ट्रिय वा प्रदेशस्तरीय दैनिक पत्रिकामा **अनुसूची -१** बमोजिमको सूचना प्रकाशन गरी प्रस्तावहरु माँग गर्न सक्नेछ ।

(३) उपदफा (२) अनुसार तोकिएको म्याद भित्र प्रस्तावहरु पेश हुन नआएमा वा स्विकृत कार्यक्रम अनुसार आवश्यक संख्यामा प्रस्तावहरु नपरेमा मन्त्रालयले दोश्रो पटक १५ दिनको म्याद दिई राष्ट्रिय वा प्रदेशस्तरीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्तावहरु माँग गर्न सक्नेछ ।

(४) उपदफा (३) अनुसारको अवधिमा पनि प्रस्तावहरु पेश हुन नआएमा वा स्विकृत कार्यक्रम अनुसार आवश्यक संख्यामा प्रस्तावहरु नपरेमा मन्त्रालयले यस कार्यविधिको दफा ४ मा उल्लेखित प्राथमिकताका क्षेत्रहरुलाई आधार मानि जुनसुकै जिल्लाका सम्भावित स्थानीय तहहरुसंग छलफल गरी कार्यक्रम कार्यान्वयनका लागि साझेदार स्थानीय तह छनौट गर्न सक्नेछ ।

(५) उपदफा (२) र (३) अनुसार साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न वा गराउन चाहने स्थानीय तहहरुले **अनुसूची-३** बमोजिमको ढाँचामा दिईएको म्याद भित्र सम्बन्धित ज्ञान केन्द्र, निर्देशनालय वा मन्त्रालयमा सोझै प्रस्ताव सहित निवेदन दिनु पर्नेछ ।

(६) यस परिच्छेदमा अन्यत्र जेसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) अनुसार तोकिएका स्थानीय तहहरुले साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न वा गराउन नसकिने भनि लिखित पत्र दिएमा वा उपदफा (२) र (३) अनुसार पनि साझेदार स्थानीय तहहरुको प्रस्ताव नपरेमा वा छनौट हुन नसकेमा

सचिव
रविन्द्र बहादुर प्रधान

मन्त्रालयले जुनसुकै जिल्ला र स्थानीय तहका उपभोक्ताहरु संग सोझै साझेदारीमा उक्त कायर्क्रम संचालन गर्न कार्यविधि अनुसार उपभोक्ताहरु छनौटको लागि सूचना प्रकाशन गर्न सक्नेछ ।

(७) ज्ञान केन्द्र र निर्देशनालयले उपदफा (५) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरु आफ्नो कार्यालयमा दर्ता गरी सक्कलै प्रस्तावहरु मन्त्रालयमा पठाउनु पर्नेछ ।

(८) निर्धारित समयावधि भित्र दर्ता भएका स्थानिय तह वा उपभोक्ताका प्रस्तावहरुलाई दफा - ८ बमोजिम गठित मन्त्रालयस्तर छनौट समितिले दफा-४ मा उल्लेख भएका प्राथमिकताका क्षेत्रहरुलाई आधार मानि मूल्यांकन गरी उपयुक्त साझेदार स्थानीय तहहरु वा उपभोक्ताहरु छनौट गर्नु पर्नेछ ।

(९) मन्त्रालयस्तर छनौट समितिले उपदफा (८) बमोजिम प्रस्तावहरु मूल्यांकन गर्दा पूर्व निर्धारित सूचकका आधारमा प्रस्तावहरु मूल्यांकन गर्न सक्नेछ ।

(१०) उपदफा (८) र (९) बमोजिम भएको मूल्यांकनको परिणाम मन्त्रालयले साझेदार स्थानीय तहहरु, उपभोक्ताहरु, सरोकारवाला र अन्य सर्वसाधारणको जानकारीको लागि आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै सम्बन्धित साझेदार स्थानीय तहहरु, निर्देशनालय र ज्ञान केन्द्रलाई सूचनाको माध्यम (फोन, फ्याक्स,ईमेल) द्वारा ७ दिन भित्र जानकारी दिनु पर्नेछ।

(११) उपदफा (८) र (९) अनुसार छनौटमा परेका साझेदार स्थानीय तहहरु वा उपभोक्ताहरुलाई मन्त्रालयले ७ दिन भित्र सम्झौता गर्न आउन पत्र पठाउनु पर्नेछ ।

(१२) उपदफा (११) अनुसार, छनौटमा परेका साझेदार स्थानीय तहहरु वा उपभोक्ताहरुले म्याद भित्र सम्झौता गर्नु पर्नेछ। म्याद भित्र सम्झौता गर्न नआएमा तथा मन्त्रालयस्तर छनौट समितिले बैकल्पिक साझेदार स्थानीय तहहरु वा उपभोक्ताहरु पनि छनौट गरेको रहेछ भने सोही मध्येबाट क्रमागत रुपमा साझेदार स्थानीय तहहरु वा उपभोक्ताहरु छनौट गर्न सकिनेछ ।

६. **उपभोक्ताको छनौटः** (१) दफा ५ बमोजिम साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न वा गराउन छनौटमा परेका स्थानीय तहहरुले यस कार्यविधि अनुसार अनुदानमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न चाहने उपभोक्ताहरुलाई मन्त्रालयले प्रकाशन गरेको १५ दिने सूचना (अनुसूची-२) बमोजिम तोकिएको समयावधिमा प्रस्ताव सहितको निवेदन पेश गर्न सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदानमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न चाहने उपभोक्ताहरुले **अनुसूची-४** (क) र (ख) बमोजिमको ढाँचामा **अनुसूची-५** (क) वा (ख) बमोजिमका कागजातहरु संलग्न राखी तथा **अनुसूची-६** मा उल्लेखित कृषि औजार यन्त्र उपकरणहरु मध्ये आवश्यक कृषि औजार यन्त्र उपकरणहरु छनौट गरी दिईएको म्याद भित्र सम्बन्धित स्थानीय तहमा प्रस्ताव सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जे सुकै कुरा लेखिएको भएता पनि यदि उपयुक्त उपभोक्ताहरु छनौट गर्न सकिने अवस्था नरहेमा वा साझेदार स्थानीय तह आफैले उक्त कार्यक्रम संचालन गर्दा बढी प्रभावकारी हुने देखिएमा सोही ब्यहोरा खुलाई साझेदार स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्न सोझै मन्त्रालय संग सम्झौता गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम म्याद भित्र दर्ता भएका उपभोक्ताको प्रस्तावहरु दफा ११ बमोजिम गठित स्थानीयस्तर छनौट समितिले दफा ४ मा उल्लेख भएका प्राथमिकताका क्षेत्रहरु तथा **अनुसूची-७** बमोजिमका सूचक तथा आधारहरु अनुसार उपदफा (१) को अवधि समाप्त भएको मितिले १५ दिन भित्र मूल्यांकन गरी छनौट कार्य सम्पन्न गरेर सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

सचिव
रविन्द्र बहादुर प्रधान

(५) स्थानीयस्तर छनौट समितिले दफा ४ तथा अनुसूची-७ बमोजिम प्रस्तावहरु मूल्यांकन गर्दा पूर्व निर्धारित सूचक तथा आधार बमोजिम मूल्यांकन गरी अनुसूची- ८ बमोजिमको फिल्ड भेरिफिकेशन समेत गरेर प्रस्तावहरु छनौट गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिम भएको छनौटको परिणाम सम्बन्धित साझेदार स्थानीय तहले उपभोक्ताहरु, सरोकारवाला र अन्य सर्वसाधारणको जानकारीको लागि आफ्नो कार्यालयको सूचना पाटीमा टांस गर्नुका साथै सम्बन्धित उपभोक्ताहरु, ज्ञान केन्द्र र मन्त्रालयलाई सञ्चार माध्यम (फोन, फ्याक्स वा ईमेल) वा पत्र द्वारा ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(७) उपदफा (४) र (५) अनुसार छनौटमा परेका उपभोक्ताहरुलाई सम्बन्धित साझेदार स्थानीय तहले ७ दिन भित्र सम्झौता गर्न आउन पत्र पठाउनु पर्नेछ ।

(८) छनौटमा परेका उपभोक्ताहरुहरुले निर्धारित समयावधि भित्र सम्झौता गर्नु पर्नेछ । म्याद भित्र सम्झौता हुन नसकेमा र स्थानीयस्तर छनौट समितिले बैकल्पिक उपभोक्ताहरु पनि छनौट गरेको अवस्थामा सोही मध्येबाट क्रमागत रुपमा उपभोक्ताहरु छनौट गर्न सकिनेछ ।

७. **आपूर्तिकर्ताको छनौटः** (१) साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न वा गराउन आवश्यक पर्ने **अनुसूची-६** अनुसारका कृषि औजार यन्त्र उपकरणहरुको आपूर्तिकर्ताको छनौट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम मन्त्रालयबाट गरिनेछ ।

८. **मन्त्रालयस्तर छनौट समितिः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि स्थानीय तहहरु बाट प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको मन्त्रालयस्तर छनौट समिति गठन हुनेछ -

(क) महाशाखा प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रबर्द्धन महाशाखा,	संयोजक
(ख) योजना तथा अनुगमन महाशाखा प्रमुख वा अधिकृत,	सदस्य
(ग) प्रशासन तथा सहकारी विकास महाशाखा प्रमुख वा अधिकृत,	सदस्य
(घ) आर्थिक प्रशासन शाखा हेर्ने अधिकृत,	सदस्य
(ङ) कानून अधिकृत,	सदस्य
(च) अधिकृत प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,	सदस्य
(छ) खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रबर्द्धन महाशाखा अधिकृत,	सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार विषय बिशेषज्ञ वा पदाधिकारीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९. **मन्त्रालयस्तर छनौट समितिको काम, कर्तव्य :** कृषि औजार यन्त्र उपकरणहरुको आपूर्तीकर्ताको छनौट तथा अनुदान वितरण सम्बन्धमा समितिको काम, कर्तव्य देहाय बमोजिमको हुनेछ -

(क) म्याद भित्र दर्ता भएका स्थानीय तहका प्रस्तावहरुको मूल्यांकन गरी साझेदार स्थानीय तहहरु छनौट गर्ने,

(ख) **अनुसूची ६** मा उल्लेख भए बाहेकका अनुदानको लागि समावेश गरिने अन्य कृषि औजार यन्त्र उपकरणहरुको निक्यौंल गरी निर्णयको लागि मन्त्रालयमा सिफारिस पेश गर्ने,

(ग) छनौट भएका साझेदार स्थानीय तहहरुको नामावली, अनुदान दिइने कृषि औजार यन्त्र उपकरणहरु, उक्त औजार यन्त्र उपकरणहरु उपलब्ध हुने स्थान र अनुदान रकमको बिवरण मन्त्रालयमा पेश गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) मन्त्रालयलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक राय सुझाव दिने ।

सचिव
रविन्द्र बहादुर प्रधान

१०. **मन्त्रालयको काम, कर्तव्य र अधिकारः** कृषि औजार यन्त्र उपकरणहरुको आपूर्तीकर्ताको छनौट तथा अनुदान वितरण सम्बन्धमा मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ -

(क) साझेदार स्थानीय तहहरु छनौट गर्न राष्ट्रिय वा प्रदेशस्तरीय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने,

(ख) छनौट भएका स्थानीय तहहरुसंग **अनुसूची ९** बमोजिम सम्झौता गर्ने,

(ग) सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कृषि औजार यन्त्र उपकरणहरु आपूर्ति गर्ने आपूर्तिकर्ताको छनौट गर्ने,

(घ) दफा ९ अनुसार मन्त्रालयस्तर छनौट समितिले पेश गरे बमोजिम कार्यक्रम कार्यान्वयनको लागि छनौट भएका साझेदार स्थानीय तहहरुको नामावली, अनुदान दिइने कृषि औजार यन्त्र उपकरणहरु, उक्त औजार यन्त्र उपकरणहरु उपलब्ध हुने स्थान र अनुदान रकमको बिवरण सम्बन्धित सबैको जानकारीको लागि मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र र सम्बन्धित स्थानीय तहको कार्यपालिका कार्यालयको सूचना पाटीमा टाँस गर्ने गराउने,

(ङ) मन्त्रालयले कूल स्विकृत लागतको ६० प्रतिशत आफूले, ३० प्रतिशत सम्बन्धित साझेदार स्थानीय तहहरुले र १० प्रतिशत सम्बन्धित उपभोक्ताहरुले बेहोर्ने गरी अनुदानको रकम आपूर्तिकर्तालाई भुक्तानी दिने ब्यवस्था मिलाउने,

(च) उपभोक्ताहरु संग सोझै साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्ने भएमा मन्त्रालयले स्वीकृत लागतको ७० प्रतिशत र सम्बन्धित उपभोक्ताहरुले ३० प्रतिशत रकम बेहोर्ने ब्यवस्था मिलाउने,

(छ) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,

(ज) साझेदार स्थानीय तहहरु, निर्देशनालय र ज्ञान केन्द्रहरुलाई कार्यक्रम संचालनमा आवश्यक राय सुझाव, सहयोग तथा निर्देशन दिने,

(झ) कार्यक्रमको मूल्यांकन र समिक्षा गर्ने तथा अनुदान रकम दुरुपयोग भएको वा अनुदान प्राप्त कृषि औजार यन्त्र उपकरण बिक्री वितरण गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपरको लागि कारवाही अगाडी बढाउने ।

११. **स्थानीयस्तर छनौट समितिः** (१) कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि उपभोक्ताहरु बाट प्राप्त प्रस्तावहरु मूल्यांकन गरी छनौट गर्न देहाय बमोजिमको स्थानीयस्तर छनौट समिति गठन हुनेछ -

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत, सम्बन्धित स्थानीय तह,	संयोजक
(ख) योजना शाखा, सम्बन्धित स्थानीय तह,	सदस्य
(ग) लेखा शाखा, सम्बन्धित स्थानीय तह,	सदस्य
(घ) आर्थिक विकास वा कृषि विकास शाखा, सम्बन्धित स्थानीय तह,	सदस्य सचिव

(२) स्थानीयस्तर छनौट समितिले आवश्यकता अनुसार विषय बिशेषज्ञ वा पदाधिकारीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. **स्थानीयस्तर छनौट समितिको काम, कर्तव्यः** कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताहरुको छनौट गर्न स्थानीयस्तर छनौट समितिले देहाय बमोजिमको कार्य गर्नु पर्नेछ।

(क) दफा ६ अनुसार प्राप्त उपभोक्ताका प्रस्तावहरु मूल्यांकन गर्ने र आवश्यक देखिएमा अनुसूची-८ बमोजिमको आधार र सूचकको आधारमा फिल्ड भेरिफिकेशन गरी उपभोक्ताहरुको छनौट गर्ने,

(ख) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका उपभोक्ताहरुको विवरण सम्बन्धित स्थानीय तहमा पेश गर्ने,

(ग) स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयनको तथा अनुदान सहयोग सदुपयोग भए नभएको अनुगमन गर्ने,

सचिव
रविन्द्र बहादुर प्रधान

(घ) सम्बन्धित स्थानीय तह र उपभोक्ताहरुलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक राय सुझाव दिने।

१३. **स्थानीय तहको काम, कर्तव्यः** कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताहरुको छनौट गर्न साझेदार स्थानीय तहहरुको काम, कर्तव्य देहाय बमोजिमको हुनेछ-

(क) मन्त्रालयको सूचना अनुसार साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न वा गराउन चाहने स्थानीय तहहरुले आफूले व्यहोर्ने रकमको प्रत्याभुती सहित निर्धारित म्याद भित्र मन्त्रालयमा प्रस्ताव पेश गर्ने,

(ख) छनौटमा परेका साझेदार स्थानीय तहहरुले मन्त्रालय संग सम्झौता गरी अनुदानमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न चाहने उपभोक्ताहरुको छनौटको लागि मन्त्रालय बाट प्रकाशन गरिएको सूचना बमोजिमको काम कारवाही गर्ने,

(ग) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका उपभोक्ताहरुको विवरणहरु सरोकारवाला सबैको जानकारीको लागि आफ्नो कार्यालयको सूचना पाटीमा टांस गर्ने तथा मन्त्रालय र सम्बन्धित ज्ञान केन्द्रलाई समेत औपचारिक जानकारी दिने,

(घ) छनौट भएका उपभोक्ताहरु संग सम्झौता गर्ने,

(ङ) छनौट भएका आपूर्तिकर्ता बाट कृषि औजार यन्त्र उपकरण प्राप्त गर्न उपभोक्ताहरुलाई **अनुसूची १०** बमोजिमको सिफारिस पत्र दिने,

(च) स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयनको तथा अनुदान सदुपयोग भए नभएको अनुगमन गर्ने,

(छ), मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रहरु बाट आवश्यक सहयोग लिने तथा उपभोक्ताहरुलाई कार्यक्रम संचालनमा आवश्यक राय सुझाव दिने ।

१४. **ज्ञानकेन्द्रको काम, कर्तव्यः** कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित ज्ञानकेन्द्रहरुको काम, कर्तव्य देहाय बमोजिम हुनेछ-

(क) मन्त्रालय र साझेदार स्थानीय तहहरुले पठाएका सूचना एवं मूल्यांकन परिणामहरु सरोकारवाला सबैको जानकारीको लागि ज्ञानकेन्द्रमा टांस गर्ने,

(ख) आवश्यक्ता अनुसार कार्यक्रमको अनुगमन गरी प्राप्त जानकारी एवं पृष्ठपोषण मन्त्रालय र सम्बन्धित साझेदार स्थानीय तहहरुलाई प्रेषित गर्ने,

(ग) मन्त्रालय र साझेदार स्थानीय तहहरुले दिएका निर्देशन तथा राय सुझावहरुको कार्यान्वयन गर्ने ।

१५. **आपूर्तिकर्ताले पालना गर्नु पर्ने शर्तहरुः** आपूर्तिकर्ताले तोकिएका कृषि औजार यन्त्र उपकरणहरु आपूर्ति गर्दा देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ -

(क) छनौटमा परेका उपभोक्ताहरुलाई कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न मन्त्रालय संग भएको सम्झौता बमोजिम आवश्यक कृषि औजार यन्त्र उपकरणहरु तोकिएको स्थानमा उपलब्ध गराउनु पर्नेछ,

(ख) सम्बन्धित उपभोक्ताहरु बाट लिनु पर्ने रकम लिई निर्धारित अनुदान रकम भुक्तानीका लागि मन्त्रालयमा आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ,

(ग) अनुदानमा कृषि औजार यन्त्र उपकरणहरु खरिद गर्ने उपभोक्ताहरुलाई सोको संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नु पर्नेछ, सो तालीम प्रदान गरे पछि मात्र मन्त्रालय बाट प्रदान गरिने अनुदान रकम भुक्तानी दिईने छ ।

(घ) अनुदानमा बिक्रि बितरण गरिएको कृषि औजार यन्त्र उपकरणहरुमा **अनुसूची-१३** को ढाँचा अनुसार प्रिन्ट वा प्लेटमा लेखी अनिवार्य टाँस गरिएको हुनु पर्नेछ ।

सचिव

१६. **उपभोक्ताले पालना गर्नु पर्ने शर्तहरुः** कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित उपभोक्ताहरुले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ -

(क) कृषी औजार यन्त्र उपकरण प्रयोग गर्न चाहने उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ,

(ख) उपभोक्ताले अनुदानको लागि प्रस्ताव पेश गर्दा नै **अनुसूची ४ (क) वा (ख)** अनुसारको कागजातहरु सम्बन्धित स्थानीय तहमा अनिवार्य पेश गर्नु पर्नेछ,

(ग) कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालनको लागि सम्बन्धित उपभोक्ताले आवश्यक घर तथा जग्गाको व्यवस्था मिलाउनु पर्नेछ, यदि जग्गा आफ्नै स्वामित्वमा नभएमा कम्तिमा १० वर्ष अवधिका लागि भाडामा लिएको हुनु पर्नेछ, घर तथा जग्गा भाडामा लिएर संचालन गर्नु पर्ने भए सोको सम्झौता पत्र पेश गर्नु पर्नेछ,

(घ) कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालनको लागि उपभोक्ताले छनौटमा परेको आपूर्तिकर्ता बाट आवश्यक कृषि औजार यन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्न **अनुसूची-१०** बमोजिमको साझेदार स्थानीय तहको सिफारिस पत्र लिई आपूर्तिकर्तालाई सम्झौता बमोजिम अनुदान बाहेकको रकम तिरी खरिद गर्नु पर्नेछ,

(ङ) उपभोक्ताले कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न आवश्यक पर्ने सम्झौता बमोजिमका निर्धारित न्यूनतम सबै कृषि औजार यन्त्र उपकरणहरु खरिद गरेको अवस्थामा मात्र अनुदान सुविधा पाउने छन,

(च) अनुदानमा प्राप्त कृषि औजार यन्त्र उपकरणहरुलाई कृषि कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ तथा आफ्नो समूह वा सहकारीका सदस्यहरुका साथै वरपरका कृषकहरुलाई सहुलियत भाडा दरमा उपलब्ध गराउनु पर्नेछ,

(छ) कस्टम हाईरिंग सेन्टरको प्रभावकारी संचालन तथा व्यवस्थापनको लागि एउटा कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समितिको गठन गर्नु पर्नेछ, र सो समितिले सञ्चालन खर्चको आधारमा भाडा दर निर्धारण गर्नुपर्नेछ,

(ज) दफा १९ को खण्ड (ग), (घ) र (ङ) बमोजिम कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरेको भाडादर सार्वजनिक गरी सम्बन्धित साझेदार स्थानीय तह र मन्त्रालयलाई अनिवार्य जानकारी गराउनु पर्नेछ,

(झ) अनुदान प्राप्त कृषि औजार यन्त्र उपकरणहरु अरुलाई बिक्री बितरण गर्न पाइने छैन।

परिच्छेद - ३

कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन

१७. **कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समितिः** (१) अनुदानमा स्थापना गरिने कस्टम हाईरिंग सेन्टरको प्रभावकारी संचालन तथा व्यवस्थापनको लागि उपभोक्ता स्तरमै एउटा देहाय बमोजिमको कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समिति रहनेछ -

(क) अध्यक्ष, सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्था, संयोजक

(ख) संयोजकबाट मनोनित सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्थाका पदाधिकारी दुई जना, सदस्य

(ग) संयोजकबाट मनोनित सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्थाको महिला सदस्य सदस्य

(घ) सचिव, सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्था, सदस्य सचिव

सचिव
रविन्द्र बहादुर प्रधान

(२) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार विषय बिशेषज्ञ वा प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित पदाधिकारीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१८. **समितिको बैठक सम्बन्धी व्यवस्था** : कस्टम हाइरिङ सेन्टर संचालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-

(क) समितिको बैठक सामान्यतः महिनाको एक पल्ट गर्नु पर्नेछ भने आवश्यक्ता अनुसार बढी पटक पनि गर्न सकिनेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफुहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(च) समितिको बैठकको निर्णय लेख्ने तथा प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवले गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **समितिको काम, कर्तव्य र अधिकार**: कस्टम हाइरिङ सेन्टर संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ -

(क) सम्बन्धित समूह वा सहकारी वा संस्थामा प्राप्त भएका तथा स्वामित्व एवं मौजदातमा रहेका सम्पूर्ण कृषि औजार यन्त्र उपकरणहरुको विवरण अद्यावधिक गरि राख्नु पर्ने,

(ख) भाडामा लगाउन सकिने कृषि औजार यन्त्र उपकरणहरुको छुट्टै विवरण पनि तयार पारी चालु अवस्थामा रहेको वा मर्मत गर्नु पर्ने के हो खुलाई राख्नु पर्ने,

(ग) भाडामा लगाउन सकिने तथा चालु अवस्थामा रहेको प्रत्येक कृषि औजार यन्त्र उपकरणको भाडादर (रु. प्रति घण्टा वा प्रति दिन वा प्रति इकाइ क्षेत्रफल) आवश्यक्ता अनुसार छुट्टा छुट्टै तोक्नु पर्ने,

(घ) खण्ड (ग) अनुसार भाडादर तोक्दा सम्बन्धित औजार यन्त्र उपकरणको लागत मूल्य, कार्य क्षमता, इन्धन खपत, मर्मतको आवश्यक्ता र लागत, ह्रास कट्टी, त्यसले दिने प्रतिफल र स्थानीयस्तरको चलनचल्तीको भाडादरलाई आधारमानी सामान्यतया २० प्रतिशतसम्म मात्र नाफा जोडेर तोक्ने, तर यसरी तोकिने भाडादर चलनचल्तीको भाडादर भन्दा बढी हुनु नहुने,

(ङ) खण्ड (घ) अनुसार तोकिने भाडादर आफ्नो समूह वा सहकारी वा संस्था र अन्य व्यक्तीगत कृषक एवं समूह वा सहकारी वा संस्थाका सदस्य कृषकहरुको लागि केही फरक हुन सक्नेछ तर यस्तो फरक २० प्रतिशत भन्दा बढी गर्न पाइने छैन,

(च) भाडामा उपलब्ध गराइने कृषि औजार यन्त्र उपकरणहरु सम्भव भएसम्म मांग गर्ने सबै व्यक्तीगत कृषक तथा समूह वा सहकारी वा संस्थाका सदस्य कृषकहरुलाई समयमै उपलब्ध हुने व्यवस्था मिलाउने,

(छ) मर्मत गर्नु पर्ने कृषि औजार यन्त्र उपकरणहरुको समयमै मर्मत गरी चालु अवस्थामा राख्ने व्यवस्था मिलाउने,

(ज) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने कर्मचारीको व्यवस्था मिलाउने,

सचिव
रविन्द्र बहादुर प्रधान

(झ) भाडामा उपलब्ध गराइने कृषि औजार यन्त्र उपकरणहरुको कसैले हिनामिना वा दुरुपयोग गरेमा तिराउनु पर्ने हर्जाना तोक्ने र तिराउन लगाउने,

(ञ) कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन सम्बन्धि अन्य आवश्यक कार्यहरु तथा निर्णयहरु गर्ने।

२०. **कृषि औजार यन्त्र उपकरणहरु भाडामा लगाउने तथा मर्मत गर्ने सम्बन्धि व्यवस्था :** कृषि औजार यन्त्र उपकरणहरु भाडामा लगाउने तथा मर्मत गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछ-

(क) आफूलाई चाहिएको कृषि औजार यन्त्र उपकरणहरु भाडामा प्राप्त गर्न व्यक्तीगत कृषक तथा समूह वा सहकारी वा संस्थाका सदस्य कृषकहरुले आफ्नो नजिकको कस्टम हाईरिंग सेन्टरमा समयमै मौखिक अनुरोध गरी प्राप्त गर्न सक्नेछन ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै समूह वा सहकारी वा संस्थाले संस्थागत रुपमा आफ्ना सदस्य कृषकहरुका लागि भाडामा कृषि औजार यन्त्र उपकरणहरु लिन चाहेको भए आफ्नो समूह वा सहकारी वा संस्थाको लिखित अनुरोध पत्र अग्रिम रुपमा नजिकको कस्टम हाईरिंग सेन्टरमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) खण्ड (क) वा (ख) बमोजिम कृषि औजार यन्त्र उपकरणहरु भाडामा लिन मांग प्राप्त भएपछि सम्बन्धित कस्टम हाईरिंग सेन्टरले आफ्नो तोकिएको कर्मचारी मार्फत निजहरुलाई आवश्यक्ता र औचित्यको आधारमा समय मिलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम कृषि औजार यन्त्र उपकरणहरु भाडामा उपलब्ध गराउंदा सामान्यतः व्यक्तीगत कृषकहरुको हकमा १-२ दिनको लागि मात्रै तथा समूह वा सहकारी वा संस्थाको हकमा १ हप्तामा नबढने गरी दिन तोकी उपलब्ध गराउनु पर्नेछ ।

(ङ) भाडामा कृषि औजार यन्त्र उपकरणहरु उपलब्ध गराउंदा रजिस्टर वा लगबुक खडा गरी रेकर्ड राखेर तथा लाग्ने रकम अग्रिम लिई बिल काटेर मात्र उपलब्ध गराउनु पर्नेछ ।

(च) कृषि औजार यन्त्र उपकरणहरु भाडामा लगाए बापत प्राप्त रकम सम्बन्धित समूह वा सहकारी वा संस्थाको कोषमा दाखिला गर्नु पर्नेछ । साथै भाडामा लगाईने कृषि औजार यन्त्र उपकरणहरुको नियमित मर्मत सम्भार यसै कोषको रकम बाट गर्नु पर्नेछ ।

(छ) भाडामा उपलब्ध गराइएको कृषि औजार यन्त्र उपकरणहरुको कसैले हिनामिना वा दुरुपयोग गरेमा सम्बन्धित कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समितिले तोकिए अनुसारको हर्जाना तिर्न लगाउन सक्नेछ ।

(ज) कृषि औजार यन्त्र उपकरणहरु भाडामा लगाउने तथा मर्मत गर्ने सम्बन्धि अन्य कुरा सम्बन्धित कस्टम हाईरिंग सेन्टर संचालन तथा व्यवस्थापन समितिले निर्णय गरे अनुसार हुनेछ ।

२१. **कोषको परिचालन तथा लेखापरीक्षण :** (१) सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्थाको एउटा नियमित कोष हुनेछ र सो कोषमा सदस्यहरुको नियमित मासिक वा वार्षिक शुल्क बाहेक देहाय बमोजिमका रकमहरु रहने छन -

(क) संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) बिदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त अनुदान रकम,

(घ) कृषि औजार यन्त्र उपकरणहरुको भाडा बापत आर्जन गरेको रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

सचिव
रविन्द्र बहादुर प्रधान

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त नभई अघि सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्थाले सम्बन्धित स्थानीय सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) कृषि औजार यन्त्र उपकरणहरुको नियमित मर्मत सम्भार गर्ने कार्य, सो सम्बन्धि तालिमको व्यवस्था तथा समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषको रकम बाट गर्नु पर्नेछ

(४) कोष सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता समूह वा सहकारी वा संस्थाको साधारण सभाले पारित गरे अनुसार हुनेछ।

(५) उपभोक्ता समूह वा सहकारी वा संस्थाहरुको लेखा परिक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(६) प्रदेश सरकार, मन्त्रालय र सम्बन्धित साझेदार स्थानीय तहहरुले अनुदानमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन गरेका उपभोक्ता समूह वा सहकारी वा संस्थाहरुको आय व्ययको लेखा निजहरु संग समन्वय गरी हेर्न सक्नेछन ।

परिच्छेद - ४

अनुदान प्रवाह र अनुगमन

२२. **अनुदान प्रवाह बिधिः** कृषि औजार यन्त्र उपकरणहरुको अनुदान प्रवाह देहाय बमोजिम गरिनेछ-

(क) सम्बन्धित साझेदार स्थानीय तहहरुले छनौट गरी सिफारिस गरेका उपभोक्ताहरुलाई छनौटमा परेको आपूर्तिकर्ताले सम्झौता बमोजिम कृषि औजार यन्त्र उपकरणहरु उपलब्ध गराउँदा तोकिएको अनुदान रकम घटाई बाँकी रकम सम्बन्धित उपभोक्ता समूह वा सहकारी संस्था बाट लिएर मात्र उपलब्ध गराउनु पर्नेछ,

(ख) अनुदानमा कृषि औजार यन्त्र उपकरणहरु आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराई सकेपछि सम्बन्धित आपूर्तिकर्ताले **अनुसूची-११** बमोजिमको अनुदान रकम भुक्तानी आवेदन, **अनुसूची-१२** बमोजिम उपभोक्ताले भुक्तानीका लागि गरेको सिफारिस, मन्त्रालय संग भएको सम्झौता पत्रको प्रतिलिपी तथा बिक्रीको बिल बिजक (२ प्रति सक्कल, मन्त्रालय र स्थानिय तहको लागि) र उपभोक्ताहरुले कृषि औजार यन्त्र उपकरणहरु बुझेको भरपाई समेत राखी मन्त्रालयमा निवेदन दिनु पर्नेछ,

(ग) आपूर्तिकर्ताबाट प्राप्त कागजातहरु मन्त्रालयले मन्त्रालयस्तर छनौट समितिबाट जांचबुझ गराई दिइएको सिफारिसको आधारमा सम्झौता बमोजिम आफूले व्यहोर्ने अनुदानको रकम आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नेछ । साथै बांकी अनुदान रकमको भुक्तानीको लागि सिफारिस र आवश्यक सम्पूर्ण कागजातहरु सहित (१ प्रति सक्कल बील समेत) सम्बन्धित साझेदार स्थानीय तहहरुमा पठाउनु पर्नेछ,

(घ) उक्त कागजातहरुको अधारमा सम्बन्धित साझेदार स्थानीय तहहरुले दिनु पर्ने निर्धारित अनुदान रकम आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेछ,

(ङ) सम्झौता बमोजिम मन्त्रालय र सम्बन्धित साझेदार स्थानीय तहहरुबाट अनुदानको रकम भुक्तानी दिँदा नियमानुसार लाग्ने १.५ प्रतिशत अग्रिम आयकर कट्टी गरिनेछ।

२३. **अनुगमनः** कार्यक्रमको अनुगमन आवश्यक्ता अनुसार सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र र सम्बन्धित साझेदार स्थानीय तहहरुबाट गरिनेछ ।

सचिव
रविन्द्र बहादुर प्रधान



परिच्छेद - ५

विविध

२४. **संशोधनः** यस कार्यविधिको संशोधन सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रिपरिषदले गर्न सक्नेछ ।

२५. **प्रचलित कानून लागु हुनेः** यस कार्यविधिमा उल्लेख भएका बिषयहरु यसै कार्यविधि अनुसार तथा अन्य बिषयहरुका सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

सचिव
रविन्द्र बहादुर प्रधान

अनुसूची १

(दफा ५(२) संग सम्बन्धित)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

विषय : कृषि यान्त्रिकरणका लागि साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न वा गराउन चाहने स्थानीय तहहरुले प्रस्ताव पेश गर्ने बारेको सूचना।

प्रथम पटक प्रकाशित मिति .....

उपरोक्त विषयमा सुदूरपश्चिम प्रदेश सरकार तथा यस मन्त्रालयले सम्बन्धित स्थानीय तहहरु संग समन्वय र सहकार्य बढाउँदै समग्र कृषि क्षेत्रको विकासमा योगदान पुर्‍याउने लक्ष्य लिएको सन्दर्भमा कृषि यान्त्रिकरणको प्रवर्द्धन गर्न यस आ.व. ..... मा "साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन गर्ने, गराउने कार्यक्रम" राखिएकोले यस सुदूरपश्चिम प्रदेश अन्तर्गत रहेका स्थानीय तहहरु (उ.म.न.पा. वा न.पा. वा गा.पा.) लाई तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१. यो कार्यक्रम सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको "कृषि यान्त्रिकरणका लागि साझेदारीमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन कार्यविधि, २०७५" को अधिनमा रही संचालन गरिनेछ ।
२. उक्त कार्यक्रम व्यवसायिक वा व्यवसाय उन्मुख कृषि पकेट क्षेत्रहरुमा संचालन गर्न प्राथमिकता दिनु पर्नेछ ।
३. कृषिका आयोजना वा परियोजनाहरुले कृषि यान्त्रिकरणमा सहयोग पुर्‍याइ रहेको क्षेत्रमा कार्यक्रम संचालन गर्न प्राथमिकता हुने छैन ।
४. सामान्यतया यो कार्यक्रम कृषि उपभोक्ताहरुका लागि निजहरुकै समुह वा सहकारी वा संस्था मार्फत संचालन गर्न प्राथमिकता दिइने भएता पनि सम्बन्धित साझेदार स्थानीय तहहरुले आवश्यक्ता र औचित्यको आधारमा आफैले पनि संचालन गर्न सक्ने छन ।
५. उक्त कार्यक्रम अनुदानमा संचालन गर्न चाहने उपभोक्ताहरु छनौट गर्ने जिम्मेवारी सम्बन्धित साझेदार स्थानीय तहहरुकै हुनेछ ।
६. साझेदारको रुपमा छनौट हुने स्थानीय तह प्रत्येकले सम्झौतामा उल्लेख भए बमोजिमको संख्यामा मात्र उक्त कस्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन गर्नु, गराउनु पर्नेछ ।
७. अनुदान रकमको हकमा यस मन्त्रालयले कार्यक्रमको कूल स्वीकृत लागतको ६० प्रतिशत रकम बेहोर्नेछ भने सम्बन्धित साझेदार स्थानीय तहले ३० प्रतिशत तथा सम्बन्धित उपभोक्ताले १० प्रतिशत रकम बेहोर्नु पर्नेछ ।
८. स्थानीय तहहरुले पेश गरेका प्रश्तावहरु स्वीकार गर्ने, नगर्ने अन्तिम एवं पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहेको छ ।
९. थप तथा बिस्तृत जानकारीको लागि यस मन्त्रालयको निम्न ठेगाना एवं सम्पर्क नं. मा सम्पर्क गर्न सकिनेछ ।
   खाद्य प्रविधि तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, सम्पर्क व्यक्ती र नं. .... ।

आधिकारिक पदाधिकारी

दस्तखत :

नाम :

पद :

कार्यालयको छाप :

सचिव
नरेन्द्र बहादुर [illegible]

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी-कैलाली, नेपाल

अनुसूची-२

(दफा ६(१) संग सम्बन्धित)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

विषय : कृषि यान्त्रिकरणका लागि अनुदानमा कस्टम हाईरिंग सेन्टर स्थापना तथा सञ्चालन गर्न चाहने उपभोक्ताहरुले प्रस्ताव पेश गर्ने बारेको सूचना।

प्रथम पटक प्रकाशित मिति .....

